# मेलौली नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

### मेलौली, बैतडी

सुदूरपश्चिमप्रदेश, नेपाल

मेलौली नगरपालिका नगरकार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प.सं.: २०८१/०८२
च.नं.: - १४

मितिः- २०८१/०७/२६

**प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**( प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०७।२६ गते)**

यस मेलौली नगरपालिकाको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत सशर्त कार्यक्रम बमोजिम **नयाँ मकै बाली पकेट विकास कार्यक्रम संचालन** गर्न इच्छुक यस नगरपालिका भित्र रहेका कृषक/कृषि समुह/सहकारी/समिति/फर्महरुले यो सूचना प्रकाशन भएको **मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१।०७।२६ देखि मिति २०८१।०८।१० गते सम्म** अनुसूची - १० अनुसारको विवरण भरि नगरपालिका अन्तरगत रहेको कृषि विकास शाखामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। रितपूर्वक पेश नभएका आवेदन तथा म्याद नाघि आएका प्रस्तावहरू यस कार्यक्रममा समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिन्छ।

अनिल प्रसाद पन्त
कृषि शाखा प्रमुख

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | आ.व. २०८१।०८२ मा नयाँ मकै बाली पकेट विकास कार्यक्रम संचालन | १२ | क्षेत्रफल १५ हेक्टर |

प्रस्ताव पेशका लागी आवश्यक पर्ने कागजातहरू :

१. रू. १० को टिकट सहित अनुसूची १० बमोजिमको आवेदन फार्म र रित पुर्वक भरिएको अनुसूचि - ७ बमोजिमको ढाँचामा तथ्याकं फार्म ।

२. कृषक/कृषि समुह/सहकारी/समिति/फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।

४. कृषक समुह र सहकारीको हकमा प्रस्ताव पेश सम्बन्धि बैठकको निर्णयको प्रतिलिपी ।

५. कृषक/कृषि समुह/सहकारी/समिति/फर्ममा आवद्ध सम्पुर्ण कृषकहरूको नागरिकताको प्रतिलिपी ।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस

नोट : स्थानीय तह वा अन्य कुनै पनि निकाय बाट विगत २ वर्ष भित्र यस्तै किसिमको अनुदान प्राप्त गर्ने कृषक/कृषि समुह/सहकारी/समिति/फर्महरू लाई यस कार्यक्रममा सहभागी गराईने छैन ।

थप जानकारीका लागी सम्पर्क नम्बर : ९८४८४८७७७८, ९८६५७०११७९

ईमेल:ito.melaulimun@gmail.com website : www.melaulimun.gov.np

फोन नं. ०९६६९०९३६

"कृषि, पर्यटन र पुर्वाधार,
मेलौलीविकासको मूलआधार"